नेपाल सरकार
फोन :४२००२९८
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाण्डौ
(सूचना तथा प्रविधि शाखा)

प.सं.: २०७६/७७
च.नं.: १४४

मितिः- २०७६/६/१५

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

विषयः एक स्थानीय तह एक प्राविधिकको तलव भत्ता सम्वन्धमा ।

श्री स्थानीय तहहरु — ७५३ (सवै)

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखाको मिति २०७६।६।१२ च.नं. ८२ को पत्र एवं सो पत्रसाथ प्राप्त अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको मिति २०७६।६।८ च.नं. ३३५ को पत्रहरु यसै साथ संलग्न रहेको छ । व्यहोरा पत्रवाटै अवगत गर्नु भई सो अनुसार जानकारी गराईएको व्यहोरा अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थ:
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
योजना तथा विकास सहायता समन्वय महाशाखा,
सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार
काठमाडौं, नेपाल

प.सं : यो.ब.का. ७६/७७
च.नं. : ८२

स्थानीय तह क्षमता विकास महाशाखा
दर्ता नं. ८८
मिति: ६।१४

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

दर्ता नं. ८३०१
२०७६।६।१२

मिति: २०७६/०६/१२

विषयः- एक स्थानीय तह एक प्राविधिकको तलब भत्ता सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।

"एक स्थानीय तह एक प्राविधिक" कार्यक्रम अन्तर्गत विभिन्न स्थानीय तहमा करार सेवामा कार्यरत कृषि तथा पशु सेवा तर्फका कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा अर्थ मन्त्रालयको प.सं. ३१२-४(१), च.नं. ३३५, मिति २०७६/०६/०८ को पत्रको बोधार्थ एवं कार्यार्थ पत्र प्राप्त भएकै होला। यस सम्बन्धमा कृषि तर्फका १३१३ जनाका लागि रु. १३ करोड ९९ लाख ६० हजार र पशु सेवा तर्फका १५०० जनाका लागि रु. १५ करोड ९८ लाख ९४ हजार गरी **कुल रु.२९ करोड ९८ लाख ५४ हजार** सशर्त चालु अनुदानमा बाँडफाड गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि भईसकेको जानकारी सबै स्थानीय तहहरुमा गराई दिनुहुन अर्थ मन्त्रालयबाट प्राप्त पत्रको प्रतिलिपि सहित निर्देशानुसार अनुरोध छ।

२०७६।६।१२

ईश्वर बर्सिला
कृषि अर्थ विज्ञ

सादर अवगतार्थः
मा. मन्त्रीज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय।
मा. राज्यमन्त्रीज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय।
श्रीमान् सचिवज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि विकास तर्फ) ।
श्रीमान् सचिवज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी विकास तर्फ) ।

प. सं./१०८
६।१२

योजना - ४९५
२०७६।६।१०

नेपाल सरकार

# अर्थ मन्त्रालय

(बजेट तथा कार्यक्रम महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ३१२-४(१)
च. नं.:- ३३५

मितिः २०७६।०६।०८

विषयः बजेट तथा कार्यक्रम बाँडफाट सम्बन्धमा ।

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
योजना तथा विकास सहायता समन्वय महाशाखा,
सिंहदरवार, काठमाडौं।

तहाँको प.सं. यो.ब.का.७६/७७ च.नं. ५८ मिति २०७६।०५।२९ तथा च.नं. ६६ मिति २०७६।०५।३१ को पत्रबाट अनुरोध भई आए बमोजिम चालु आ.व.मा ब.उ.शी.नं. ३१२०००११ को ख.शी.नं. २८९११ (भैपरी आउने) अन्तर्गत क्रियाकलाप नं. ८.१.९.२१ को "एक स्थानीय तह एक प्राविधिक कार्यक्रममा लागत सहभागिता सहित" शीर्षकमा विनियोजन भएको रु.३० करोडको बाँडफाँट विषय पेश हुँदा यस मन्त्रालयबाट मिति २०७६।५।२९ को निर्णय बमोजिम गरिएको बाँडफाँट तथा तहाँ प्रेषित प.सं. ३१२-४ च.नं. २८१ मिति २०७६।५।३१ को पत्र संशोधन हुने गरी मिति २०७६।६।८ मा देहाय बमोजिम गर्ने निर्णय (मा.मन्त्रिस्तरीय) भएको हुँदा सोही बमोजिम गर्न गराउन हुन अनुरोध छ।

तपसिल

१. तहाँ मन्त्रालयबाट प्रस्ताव भए बमोजिम कृषि सेवा तर्फ कार्यरत १३१३ जनाका लागि रु.१३ करोड ९९ लाख ६० हजार र पशु सेवा तर्फ १५०० जनाका लागि रु.१५ करोड ९८ लाख ९४ हजार गरी जम्मा रु.२९ करोड ९८ लाख ५४ हजार सशर्त चालु अनुदानमा बाँडफाँट गरी LMBIS प्रविष्टि गरिएकोले सम्बन्धित स्थानीय तहलाई जानकारी गराई खर्चको अनुगमन तथा प्रतिवेदन प्राप्त गर्ने व्यवस्था मिलाउने।

२. गत आर्थिक वर्ष देखि नै निरन्तर रुपमा सेवा पुर्‍याउँदै आएका प्राविधिकहरू (रा.प.अन.द्वितीय श्रेणी सरह) लाई चालु आर्थिक वर्षमा समेत निरन्तरता दिइएको भए हाजिरी अभिलेख तथा सम्पादित कामको विवरण सम्बन्धित स्थानीय तहले प्रमाणित गरी सम्बन्धित स्थानीय तहलाई दिइएको बजेटको सीमा भित्र रही नियमानुसार तलब भुक्तानी दिन सकिने।

३. संघ, प्रदेश र स्थानीय गरी तीनै तहको सरकारको कार्यक्षेत्र निर्धारण भई वित्तीय संघीयता कार्यान्वयनमा आइसकेको सन्दर्भमा कृषि सेवा तथा पशु सेवा तर्फका प्राविधिकहरुको सेवा प्राप्त गर्न स्थानीय तहले पनि आफ्नो स्रोतबाट लागत सहभागिता गर्नु पर्ने र नेपाल सरकारले मात्र यस्तो पुरै खर्च व्यहोर्न नसक्ने भएकोले प्रत्येक स्थानीय तहको लागि आवश्यक पर्ने प्राविधिकको निश्चित संख्या निर्धारण, नेपाल सरकार र स्थानीय तह बीचको लागत साझेदारीको निश्चित अनुपात र स्थानीय तहले आफ्नै कार्यक्रमको रुपमा यसको अपनत्व लिने गरी कार्यक्रम सञ्चालनको उपयुक्त विधि लगायत नीतिगत व्यवस्था तत्काल गर्नुपर्ने भएकोले तहाँ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा यस सम्बन्धी नीतिगत व्यवस्था यथाशीघ्र मिलाउने।

२०७६।६।८
(पार्वती न्यौपाने)
शाखा अधिकृत

__बोधार्थ एवं कार्यार्थः__

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- कृषि तथा पशुपन्छी विकास मन्त्रालयसंग समन्वय गरी माथि बुँदा नं. ३ मा उल्लेख भए बमोजिम नीतिगत व्यवस्था यथाशीघ्र मिलाउनु हुन अनुरोध छ।

~~महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं~~

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np